# डडेल्धुरा घोषणापत्र, २०६७

न्यूनतम पारिश्रमिक निर्धारण समितिको आयोजना र नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखाको संयोजनमा २०६७ असार २ गते डडेल्धुरामा भएको **नेपाली प्रेस र श्रमजीवी पत्रकारको अवस्था** विषयक सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यशाला गोष्ठीमा सहभागी सम्पादक, प्रकाशक/संचालक र यस क्षेत्रका पत्रकार नेतृत्व एबं आयोजक संस्थाका पदाधिकारीबीचको गहन छलफल पछि पत्रकारिताको प्रवर्द्धन र श्रमजीवी पत्रकारको हितका निम्ति साझा निष्कर्षकारुपमा यो घोषणापत्र जारी गर्दछौं ।

१. संचार प्रतिष्ठानमा कार्यरत सबै श्रमजीवी पत्रकार, कर्मचारी, कामदारलाई श्रमजीवी पत्रकार ऐन नियमबमोजिमको नियुक्तिपत्र प्रदान गर्नु हरेक संचार प्रतिष्ठानको कानुनी दायित्व एबं काम सुरु गर्नुपूर्व नियुक्तिपत्र प्राप्त गर्नु सम्बन्धित व्यक्तिको अधिकारसमेत भएकोले नियुक्ति पत्र प्रदान गर्न बाँकी संचार गृहले तत्काल सो व्यवस्थाको पूर्णतः कार्यान्वयन गरिसक्न सम्बद्ध पक्षलाई आग्रह गर्दछौं । साथै, नियुक्तिपत्र प्राप्त गर्न बाँकी श्रमजीवी पक्षले तत्काल नियुक्ति पत्र माग गर्न एबं बिना नियुक्तिपत्र काममा नखटिन पनि आह्वान गर्दछौं ।

२. न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न बाँकी संचार प्रतिष्ठानमा तत्काल कार्यान्वयनको लागि आह्वान गर्दछौं । हालको न्यूनतम पारिश्रमिक रकममा पुनरावलोकनको लागि आग्रह गर्दछौं ।

३. संचार प्रतिष्ठानमा कार्यरत पूर्णकालीन स्थायी वा करार सेवामा रहेका श्रमजीवी पत्रकार, कर्मचारी, कामदारलाई श्रमजीवी पत्रकार ऐन नियम बमोजिम विदा, संचयकोष, उपचार खर्च वा सहुलियतपूर्ण उपचार सुविधा, वार्षिक तलववृद्धी, बीमा एबं चाडपर्व खर्च लगायतका सबै सेवा सुविधा कार्यान्वयनमा तदारुकता देखाउन संचार प्रतिष्ठान व्यवस्थापनलाई आह्वान गर्दछौं ।

४. श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमको पूर्ण कार्यान्वयनका लागि बाधक रहेका कानुनी व्यवस्थामा परिमार्जन र कार्यान्वयन गर्नै नचाहने संस्थालाई सरकारी विज्ञापनमा रोक लगायतका प्रावधानको कार्यान्वयनसमेत गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँदछौं ।

५. पत्रकारिताको लागि भौतिक पूर्वाधारको विकास भैनसकेको सुदूर पश्चिमाञ्चल क्षेत्रको पत्रकारिताको संस्थागत विकास तथा यस क्षेत्रका पत्रकारको दक्षता अभिबृद्धिका लागि प्राथमिकता दिन राज्य र सरोकारवाला अन्य पक्षको गम्भीर ध्यानकर्षण गराउँदछौं ।

६. सुदुर पश्चिमका संचार माध्यमहरुले यसै क्षेत्रका सबै सरकारी विज्ञापनहरु समेत प्राप्त गर्न नसकेको अवस्थामा स्थानीय विज्ञापन स्थानीय संचारमाध्यमलाई उपलब्ध गराउनेसहित स्थानीय संचारमाध्यमको विकासका कार्ययोजना लागू गर्न माग गर्दछौं ।

७. प्रेस काउन्सिल नेपाल पत्रपत्रिका वितरण सम्परीक्षण समितिले संचारमाध्यमको वर्गिकरण गर्दा अपनाइएको विद्यमान मापदण्डले यस क्षेत्रका संचार माध्यमलाई समेट्न नसकेकोले यस क्षेत्रलाई प्रोत्साहन गर्ने खालको फरक मापदण्ड बनाउन सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदछौं ।

८. सुदुर पश्चिम क्षेत्रमा संचारमाध्यमको विस्तारसँगै बढ्दै गएको अस्वस्थ प्रतिष्पर्धाको अन्त्य र मर्यादित पत्रकारिताको विकासका लागि यस क्षेत्रका सबै संचार माध्यममा विज्ञापनको दरमा एकरुपता ल्याउन कार्यशालामा सहभागीहरु साझा प्रतिबद्धता व्यक्त गर्दछौं ।

९. पत्रकारिताको खम्बाकारुपमा फिल्डमा क्रियाशील ठूलो संख्यामा देशभर छरिएर रहेका स्ट्रिन्जर पत्रकारको सेवालाई व्यवस्थित गर्न सम्बद्ध संचार प्रतिष्ठान व्यवस्थापन, सरकार, न्यूनतम पारिश्रमिक निर्धारण समिति र नेपाल पत्रकार महासंघ लगायत सम्बद्ध सबैसँग आग्रह गर्दछौं । यसक्रममा स्ट्रिन्जर पत्रकारको पनि नियुक्तिपत्र र  न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न तथा तीन वर्ष पुगेपछि स्वतः मासिक पारिश्रमिक र पाँच वर्ष पुगेपछि स्वतः स्थायीको व्यवस्था गर्न सुझावसहित ध्यानकर्षण गराउँछौं ।

१०. प्रेस स्वतन्त्रताको निर्वाध उपभोग एबं पत्रकारको भौतिक सुरक्षा अझै पनि चुनौतिपूर्ण बनिरहेको अवस्थामा दण्डहीनताको अन्त्य एबं सुरक्षा र स्वतन्त्रताको प्रत्याभूतिका लागि सरकारको गम्भीर ध्यानकर्षण गराँउदछौं । अछामका पत्रकारमाथि भएको धम्कीको निन्दा गर्दछौं ।

११. यस क्षेत्रमा संचालित तथा संचालनको प्रक्रियामा रहेका जलविद्युतलगायतका बृहत परियोजनाको राष्ट्रिय तथा क्षेत्रीय हितका पक्षमा हुने गरी शीघ्र उपयोग र संचालन गर्न ध्यानकर्षण गराउँछौं ।

१२. डडेल्धुरालाई कार्यक्षेत्र बनाई क्रियाशील पत्रकार भवानी ऐर दुर्घटनामा परी गम्भीर घाइते हुनु भएकोमा उहाँको उपचारका लागि सामूहिक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

१३. सुदूरपश्चिमको पत्रकारिता र श्रमजीवी पत्रकारको विषयलाई केन्द्रित गरी पहाडी जिल्लामै वृहत गोष्ठी गरी समस्या समाधानको निम्ति सकारात्मक पहल गरेकोमा न्यूनतम पारिश्रमिक निर्धारण समितिप्रति आभार प्रकट गर्दै सफल व्यवस्थापनका लागि डडेल्धुरा शाखालाई धन्यवाद व्यक्त गर्दछौं ।

जेठ २, २०६७ डडेल्धुरा